बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
चकचकी, झापा

**समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

(प्रकाशित मिति: २०८१।०४।०४)

यस बाह्रदशी गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। बाह्रदशी गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचर/ राजश्व शाखामा बुझाएको नगदी रसीदको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र बाह्रदशी गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

**तपसिल**

१. विज्ञापन नं, पद र माग संख्याः

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०१/०८१-८२ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ |
| २. | ०२/०८१-८२ | | समावेशी (अपाङ्गता) | १ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

२०८१।४।४
जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झापा
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषको हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेद्वारको उमेर

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/०४/१८) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/०४/१८) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

६. उम्मेद्वारको छनोट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान

(क) बाह्रदशी गाउँपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी यसै गाउँपालिका कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय –पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. परीक्षा दस्तुरः खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रू. ४०० । खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रू. २०० ।

९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः गाउँपालिकाको राजस्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ।

१०. दरखास्त फाराम भर्ने मितिः मिति२०८१/०४/०४ देखी २०८१/०४/१८ सम्म।

२०८१।४।४

जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

११. लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः मिति २०८१।०४।२२ गते समय : विहान ८:०० बजे, गाउँपालिकाको कार्यालय, चकचकी, झापा ।

१२. कम्प्युटर शिप परिक्षण तथा अन्तर्वार्ता : मिति २०८१।०४।२३ गते

१३. पाठ्यक्रमः पालिकाको website मा उपलब्ध गराइनेछ ।

१४. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

१६. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस पालिकाको कार्यालयको महिला तथा बालबालिका शाखा बुझ्न सकिनेछ ।

२०८१।४।४

जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत